उच्च अदालत जनकपुर अस्थायी इजलास, वीरगञ्ज

# सूचना सूचना सूचना

१. पर्सा जिल्लामा कोभिड-१९(२) को प्रकोप दिनानुदिन बढदै गइरहेको अवस्थालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय पर्साले मिति २०७८।०१।१६ गते बिहान ४:०० बजे देखि ऐ.२२ गते रातीसम्म लागु हुने गरी निषेधाज्ञाको आदेश जारी गरेको र सर्वोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी भएको प्रेस विज्ञप्तीमा अदालतहरुबाट सम्पादन हुने काम कारवाही तथा प्रवाह हुने सेवामा समेत संकुचन ल्याउनु पर्ने भन्ने उल्लेख भई आएको सन्दर्भमा विशेष प्रकृतिका काम बाहेक अन्य दैनिक प्रशासन र नियमित पेशीसंग सम्बन्धित कार्य संचालन गर्न उपयुक्त नहुने भएबाट सेवा संकुचन गरी यस अदालतबाट निम्न बमोजिमका सेवाहरु मात्र प्रवाह हुने व्यहोराको जानकारी सम्बन्धित सबैलाई गराउने,

(क) बन्दीप्रत्यक्षीकरणका निवेदन हेर्ने,

(ख) अभियोगपत्र दर्ता, बयान र थुनछेक सम्बन्धी कार्य गर्ने,

(ग) जरुरी पक्राउ पुर्जी, म्याद थप तथा पक्राउ अनुमति सम्बन्धी कामहरु गर्ने,

(घ) कोभिड महामारीसंग सम्बन्धित जरुरी प्रकृतिका जीवन र जनस्वास्थ्यसंग सम्बन्धित रिट निवेदनहरुको दर्ता र सुनुवाई गर्ने।

२. निषेधाज्ञाको अवधि भरी म्याद, तारेख र हदम्याद नगुज्रने हुँदा निषेधाज्ञा समाप्त भएपश्चात् कानून बमोजिम म्याद, तारेख र हदम्याद थामिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

रजिष्ट्रार

२०७८।१।१५।१४